# बित्थडचिर गाउँपालिकाको आ.व. २०८२।०८३ को

# बार्षिक नीति तथा कार्यक्रम




## बित्थडचिर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

देउलेख, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२ असार

# बित्थडचिर गाउँपालिका

## देउलेख, बझाङ

## आर्थिक वर्ष २०८२।०८३ को

# बार्षिक नीति तथा कार्यक्रम

मितिः २०८२ अषाढ ०९ गते

**“ कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार ”**

# बित्थडचिर गाउँपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम

**गाउँसभा सदस्य ज्यूहरु,**
**विभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू,**
**विभिन्न तह र तप्कामा रही कार्यरत सम्मानित व्यक्तित्वहरु,**
**राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु,**
**उपस्थित पत्रकार महानुभावहरु, नागरिक समाज साथै सम्मानीत बित्थडचिर वासी आम जनसमुदायहरु,**

यस गरिमामय गाउँ सभाको १७ औ अधिवेशनमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु।

सर्वप्रथमत, आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम यस सभामा पेश गर्न पाउँदा मैले आफुलाई हर्षित महशुस गरेको छु। नव आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विभिन्न माध्यमबाट सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजु भाइ तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण आम जनमानसमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यबाद ब्यक्त गर्दछु।

यस विशिष्ट अवसरमा राज्यलाई आजको अवस्था सम्म ल्याई पुऱ्याउन समयको विभिन्न काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागि आफ्नो अमूल्य जीवन समर्पण  गर्ने सम्पूर्ण महान् सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली  व्यक्त गर्दछु। साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवार जनहरुप्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान तथा आभार प्रकट गर्दछु ।

गाउँ सभा सदस्य ज्यूहरु ,
अन्य उपस्थित महानुभावहरु,

संविधानले गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको समाजवाद उन्मुख राज्य व्यवस्थाको  परिकल्पना गरेको भएता पनि यस गाउँपालिकाको समग्र अवस्था भने बमोजिम परिवर्तन गर्न सकियको अवस्था छैन । उल्लेखित संवैधानिक व्यवस्था लाई साकार पार्न तथा जनताका समस्याहरु लाई एकीकृत रुपमा सम्बोधन गर्न गाउँपालिकामा विद्यमान सम्भावनाहरुको भरपुर उपयोग तथा  चुनौतीहरुलाई सामूहिक रुपमा डटेर सामना गरी, व्यवस्था मात्रै नभई अवस्था समेत परिवर्तन हुने र  जनताले महशुस गर्न सक्ने गरी जनजीविकामा नै परिवर्त गर्नु पर्ने गरी वस्तुनिष्ठ र कार्यान्वयन गर्न सक्ने गरी जनमुखी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको पक्षलाई बलियो बनाउनु  जरुरी छ ।

यस गाउँपालिकाको निर्वाहमुखि कृषि प्रणाली, न्यून उत्पादकत्व तथा बाँझा जमिनहरु, उच्च वेरोजगारी, जनशक्तिको पलायन, सीमित श्रोत तथा साधनहरुका विच परिपूर्ती गर्नु पर्ने असिमित जनचाहानाहरु लगायतका समस्याहरुका बिचबाट  नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएका हक र अधिकारहरु लाई कागजमा मात्र

नभएर जीवन व्यवहारमा रुपान्तरण गर्न तथा समग्र बित्थडचिरको विकाश गर्न यो नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुने विश्वासका साथ अघी सारेकोछु ।

सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै पछाडी परेको भूगोल तथा समुदायको उत्थान गर्न संविधान प्रदत्त स्थानीय तहको अधिकार लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी, प्राप्त साधन र स्रोतको न्यायोचित वितरण गर्दै कार्यकारी अधिकार लाई बित्थडचिर वासीको समृद्धिका लागि प्रयोग गर्ने संकल्पका साथ **" कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार "** को लक्ष्य सहित यो नीति तथा कार्यक्रम सम्मानीत सभामा प्रस्तुत गरेको छु ।

**गाउँ सभा सदस्यहरु,**

अब म यहाँहरु समक्ष हाम्रो तीन वर्षे कार्यकालमा भए गरेका केही महत्त्वपूर्ण कार्यहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

१. वित्थडचिरको पुर्ण बिद्युतीकरणको सपना साकारको अन्तिम चरणमा पुगेका छ । विद्युत विस्तार हुन बाँकी केही भेगहरुमा विद्युत विस्तार कार्य सञ्चालनमा रहेको छ ।
२. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको छ । सवै वडा कार्यालयहरुको आफ्नै भवनबाट सेवा प्रवाहका लागि संघीय सरकार सँगको समन्वयमा बाँकी ६ वटै वडा कार्यालय भवन निर्माण कार्य अगाडी बढाउन बजेटको व्यवस्थापन गरिएको छ।
३. गाउँपालिकाको केन्द्रमा १५ शैय्या अस्पताल भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
४. गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाको गुणस्तर परिक्षण का लागि सि टि एम मसिन खरिद गरी ल्याब परिक्षण कार्य सुचारु गरिएको छ ।
५. शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन स्वरुप पालिकाको नमुना विद्यालय सुनकुडा मा.बि.लगायतका विद्यालयहरुमा सुविधा सम्पन्न आई.टि. ल्याब र साईन्स ल्याब विकास कार्यक्रम सञ्चालन गरिएको छ ।
६. भवन अभाव भएका करिब दर्जन विद्यालयहरुमा नया भवन निर्माण तथा पुराना भवनको मर्मत कार्य भएको छ ।
७. भौगोलिक बिकटता भएका अधिकांश टोल बस्तिहरुमा ग्रामिण कृषि सडकहरुको पहुच बिस्तार गरिएको छ ।
८. खानेपानीको चरम समस्या झेलिरहेको मल्लागाउँ र खडिखान टोल वडा नं ०३ मा सोलार लिफ्टीङ प्रविधि प्रयोग गरि १२२ वटा घरहरुमा नियमित पानी सञ्चालन भइरहेको छ ।
९. मल्चिर खानेपानी आयोजना – ७२ घर धुरी, बानला मुसुरकोट सोलार लिफ्टिङ -४० घर धुरी लक्षित गरि निर्माण कार्य सञ्चालनमा रहेको छ ।
१०. देउलेख तल्ला भतडा लगायतका टोलहरुका ३५५ घरधुरी लक्षित गरि गोगन्याडी सोलार लिफ्टिङ खानेपानी योजना निर्माणका लागि बजेट बिनियोजन भइसकेको छ ।
११. टुक्रे योजना लाई निरुत्साहित गर्दै छुटपिट बाहेक अधिकतम योजनाहरु रु ५ लाख भन्दा माथिका बनाईएको छ ।
१२. गाउँपालिका भित्र रहेका सुचिकृत बेरोजगारहरु मध्ये ३०० भन्दा बढी व्यक्तिहरुलाई प्रतिव्यक्ति १०० दिन बराबरको रोजगारी प्रदान गरिएको छ।
१३. आन्तरिक रोजगार प्रवर्द्धनका लागि रोजगार रणनीति २०८१।०८२ – २०८५।०८६ तयार गरी कार्यान्वयनमा ल्याईएको छ।

१४.आन्तरिक रोजगार प्रवर्द्धनका लागि २०० जना व्यक्तिलाई सिलाई कटाई, अगरबत्ति बनाउने, डकर्मी, ईलेक्ट्रिसिएन, होजियारी लगायतका सिप मुलक तालिमहरु प्रदान गरी रोजगारिका अवसरहरु सिर्जना गरिएको छ।

१५.किसान सुचीकरण कार्यक्रम मार्फत पालिका भरिका ९ वटै वडाहरुका २२१८ घरधुरी अनलाईन प्रणाली मार्फत सुचिकृत भएका छन ।

१६.फलफुल तथा तरकारी  पकेटक्षेत्रहरु लाई व्यवस्थित  गरी सघन कृषि क्षेत्र निर्धारण गर्ने तथा ती स्थानहरुमा सञ्चालन गरिने कृषि कार्यक्रमहरु लाई ब्यावसायिक रुपले संचालन गरिएको छ ।

१७. कृषि उत्पादकत्व अभीवृद्धिका लागि गाउँपालिका भित्रका खेतियोग्य जमिनहरुमा पर्याप्त सिचाई सुविधाका पुऱ्याउन सिचाई संरचना तथा नहरहरु निर्माण गरिएका छन् ।

१८.कृषि व्यवसायीकरण तथा कृषकहरुको क्षमता अभिवृद्धिका लागि आई पि एम कृषक पाठशाला र क्षमता बिकास तालिम मार्फत १२ वटा कृषक समुहका ३०० बढी किसानहरुलाई प्रविधि हस्तान्तरण गरिएको छ ।

१९. निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्प्रधात्मक र व्यवसायिक बनाउन कृषकहरुलाई उत्पादन सामग्री, उन्नत बिउ बिजन, हिउदे तथा बर्षे फलफुलका बोटहरु, टनेल आदि बितरण गरिएको छ ।

२०.मौरी व्यवसायमा कृषकहरुको आकर्षण तथा प्रोत्साहनका लागि मौरीगोला सहितको आधुनिक घारहरु वितरण गरिएको छ।

२१. च्याउ खेती, किवी खेती, बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि निरन्तर प्राबिधिक सहयोग प्रदान गरिएको छ।

२२.शिक्षा क्षेत्र सुधारका लागि१० बर्षे विद्यालय शिक्षा क्षेत्र योजना २०८०।०८१-२०८९।०९० तयार भई लागु गरिएको छ।

२३.आधारभुत तहमा स्थानीय पाठ्यक्रम (कक्षा १-८) निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ।

२४.गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन एवम व्यवस्थापन गरि शैक्षिक गुणस्तर सुधार गरिएको छ।

२५.प्रधानाध्यापक नियुक्ति तथा नवीकरणमा कार्यसम्पादन करार सम्झौताको व्यवस्था गरिएको छ ।

२६.विद्यालय भवनहरु, खानेपानी लगायतका अति आवश्यक भौतिक पूर्वाधार निर्माणका थुप्रै कार्यहरु गरिएको छ ।

२७.विपद प्रभावितहरुका लागि गाउँपालिकाको विपद् व्यवस्थापन कोष खाता बाट दिइने राहत रकम भुक्तानीका लागि आवश्यक कार्यविधि बमोजिम छिटो, छरितो र सुलभ ढँगले राहत वितरण गरिएको छ ।

२८.लैंङ्गिक हिंसामा परेका न्यून आर्थिक अवस्था भएका नागरिकहरु लाई लैंङ्गिक हिंसा निवारण कोष मार्फत आवश्यक सहयोग प्रदान गरिएको छ।

२९.विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु सँग निरन्तर सहकार्य गरी विभिन्न सामाजिक विकासका कार्यक्रमहरु सुचारु गरिएको छ ।

३०.राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरु लाई  सम्मान सहित उचित प्रोत्साहन गरिएको छ।

३१.शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन गाउँपालिका शिक्षा ऐनको कार्यान्वयनलाई प्रथमिकता दिइएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकाशका लागि तालिम सञ्चालन गरिएको छ ।

३२.विपद् व्यवस्थापन तथा विभिन्न भौतिक निर्माणका कार्यहरु लाई सहज गर्न तथा गाउँपालिका भित्रका ग्रामिण शाखा सडकहरु लाई निरन्तर सञ्चालनका लागि पालिकाको व्याक हो लोडर द्वारा नियमित सडक सफाइ गरिएको छ ।

३३.सरकारी गैर सरकारी क्षेत्रहरु आर्थिक संकटतिर गुज्रिदै गरेको अवस्थामा खरिद कार्यलाई पारदर्शी बानाउन विद्युतीय बोल कबोल E-Bidding मार्फत गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइएको छ।

३४. संघीय सरकार तथा प्रदेश सरकारसंगको समन्वयमा स्याँडी स्वास्थ्य चौकी भवन तथा जालिङ बर्थिङ सेन्टर निर्माण गरिएको छ।

३५. गर्भवती चेकजाँचका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तरगत भिडियो एक्सरे मेसिन तथा मुटुको जाँचका लागि ई सि जि मेसिन व्यवस्थापन गरिएको छ।

३६. नि:शुल्क गर्भवती उद्धार कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुका लागि आपतकालिन अवस्थालाई मध्यनजर गर्दै नि:शुल्क एम्बुलेन्स सेवा  तथा नि:शुल्क गर्भवती परिक्षण एवम परामर्श कार्यक्रम सञ्चालन गरिएको छ ।

३७. प्रजनन रुग्णता कार्यक्रम अन्तरगत पाठेघरको मुखमा हुने क्यान्सरको पहिचान तथा पाठेघर खसेका महिलाहरुको नि:शुल्क उपचार गरिएको छ।

३८. जनता संग अध्यक्ष, जनता संग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरी जनताका जन जीविका सुधार, अशक्तहरुको स्वास्थ्य परिक्षण तथा औषधी उपचार कार्यक्रम सञ्चालन गरिएको छ ।

३९. धार्मिक पर्यटन तथा सम्पदा जगेर्नाका लागि बिभिन्न धार्मिक मठ मन्दिरहरुको पुन: निर्माण तथा संरक्षणका कार्यक्रमहरु गरिएको छ ।

४०. कान्छो खप्तड भनेर चिनिने बित्थड पर्यटकीय क्षेत्रमा स्वीमिङ पुल सहितको पार्क निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईएको छ ।

४१. धार्मिक पर्यटनको उच्च सम्भावना बोकेको बित्थड भाटीगुफा सम्म सडक सञ्जाल जोडिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरू तथा उपस्थित महानुभावहरू, हाम्रो सामु विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर र चुनौती यस प्रकार रहेका छन् ।**

**क) विद्यमान अवसरहरू:**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. जयपृथ्वी राजमार्गको पहुच पालिकाको केन्द्र सम्मै हुनुले पालिकामा उत्पादित बस्तुहरुको निकाशीमा सहजता हुनु।

६. सबै वडाहरूमा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७. बित्थडचिरको बित्थडमा रहेको बित्थड पर्यटकीय पार्क पर्यटकीय गन्तव्यको रुपमा रहनुले पर्यटकीय दृष्टिले सम्भावना बोकेको उक्त ठाउँको उचित बिकासका कामहरु हुनु ।

८. उच्च सम्भावनाका पर्यटकीय गन्तव्यको रुपमा शिगाशधुरा पदमार्गका लागि, धारछडी, चिरासैनी, भाटी गुफा लागायतका धार्मिक पर्यटकीय क्षैत्रहरु रहनु।

**ख) विद्यमान चुनौतीहरू:**

१. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।

२. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास मार्फत रोजगारीका अवसरहरु खोज्नु ।

३. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

४. बन्जड बन्दै गएका जमिनहरुमा फलफुल तथा जडिबुटी खेती मार्फत जमिनलाई उत्पानशिल बनाई रोजगारीका अवसरहरु स्थानीय तहमै सृजना गर्नु।

५. गुणस्तरीय बीउबिजन समयमा नै उपलब्ध गराउनु ।

६. युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

७. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

८. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रइङ बिना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो, चट्याङ जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती विस्तारको काम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु।

११. वैज्ञानिक, जलवायु अनुकूल, व्यवहारिक तथा उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३. वर्षेनी वन क्षेत्रमा आगलागीका घटनालाई रोकथाम गर्नु ।

१६. संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई विनियोजन गरेको अनुदान कटौती हुनु र अनुमान गरेअनुसारको आन्तरिक राजस्व सङ्कलन नहुनु ।

१७. आम नागरिकमा सकारात्मक सोचको विकास गर्नु ।

**ग) आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम तयार पार्दा लिइएका मुख्य आधारहरूः**

१. नेपालको संबिधान २०७२ को प्रस्तावना, मौलिक हक तथा अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,

२. नेपालको संविधान २०७२ भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,

३. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

४. संघीय तथा प्रदेश सरकारले अंगीकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,

५. प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

६. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरू,

७. स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू,

८. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,

९. समसामयिक मुद्दाहरू (जस्तैः सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, बातावरण मैत्री क्रियाकलाप, पूर्ण सरसफाई, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू।

१०. बित्थडचिर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम.

११. संघीय र प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रमहरू,

१२. बित्थडचिर गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरू,

१३. स्वदेशी तथा विदेशी, सरकारी तथा गैरसरकारी दातृ निकायबाट प्राप्त हुने कार्यक्रमहरू,

१४. सरोकारवालाहरूले दिएका महत्त्वपूर्ण सुझावहरू;

१५. गाउँपालिका राष्ट्रिय महासंघले दिएका सुझावहरू;

**घ) नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरूः**

१. आर्थिक विकास क्षेत्र,

२. सामाजिक विकास क्षेत्र,

३. भौतिक पूर्वाधार विकास क्षेत्र,

४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

**ङ) नीति तथा कार्यक्रमका प्राथमिकताहरूः**

१. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी बढ्ने,

२. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,

३. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

४. शैक्षिक गुणस्तरमा सुधार हुने,

५. नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने,

६. स्वच्छ खानेपानी र सरसफाईको सुबिधामा पहुँच पुयाउने,

७. पालिकाबासीलाई दिगो तथा भरपदों ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुयाउने,

८. जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

९. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

१०. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

११. वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,

१२. गाउँपालिकाको राजस्व सङ्कलनमा वृद्धि हुने,

१३. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१४. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१५. लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

१६. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१७. छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,

१८. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

**गाउँ सभा सदस्य ज्यूहरु,**

**अव म आर्थिक बर्ष २०८२।८३ को प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

## (१)आर्थिक बिकाश नीति

कृषि तथा पशुपालन व्यवसायको सुदृढिकरण गर्दै उत्पादनमा अभिबृद्धि गरी किसानहरुको आर्थिक अवस्थालाई मजबूद बनाउने, सहकारीको क्षमता अभिबृद्धि गर्ने, पर्यटकीय क्षेत्रको विकास तथा बजारीकरण गरी गाउँपालिकाबासीको आयआर्जनमा बृद्धि गर्न आत्मनिर्भर, दिगो र फराकिलो आर्थिक विकास गर्ने नीति लिइनेछ ।

**कृषि बिकास कार्यनीति :**

१. गाउँ घरमा उत्पादित कृषि उत्पादनहरुलाई विशेष प्रथमिकताकासाथ बजारीकरणका लागी संकलन केन्द्रको व्यवस्थापन गरि कृषि उपज निर्यातको व्यवस्थापन गरिनेछ ।

२. माटो सुहाउँदो कृषि बाली लगाउन तथा माटोको उर्वरा शक्ती कायम गर्न लागी माटो परिक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

३. गाउँपालिका भित्र उत्पादित तरकारी तथा खाद्यान्न लाई सामुदायिक विद्यालयहरुको दिवा खाजा कार्यक्रम सँग जोड्दै बजार सुनिश्चिततालाई थप व्यवस्थित बनाइनेछ ।

४. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि आवश्यक पहल गरिनेछ ।

५. गाउँपालिका भित्र उत्पादिन कृषि उपजहरुको लामो समय सम्म भण्डारण गर्न शितभण्डार गृह निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

६. विद्यालय दिवा खाजा कार्यक्रमका लागि आवस्यक तरकारी र दाल पुर्णतया स्थानीय उत्पादनै प्रयोग गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

७. किसान सुचिकरण कार्यक्रम तथा कृषक परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

८. फलफुल, तरकारी तथा अन्न बालीहरुको पकेटक्षेत्रहरु लाई व्यवस्थित गरी सघन कृषि क्षेत्र निर्धारण गर्ने तथा ती स्थानहरुमा सञ्चालन गरिने कृषि कार्यक्रमहरु लाई व्यवसायिकरुपले संचालनका लागि पहल गरिनेछ ।

९. कृषकहरुको तथ्याङ्क राख्ने कार्यलाई थप व्यवस्थित गर्दै आगामि आर्थिक वर्षमा सबै तथ्याङ्क संकलन कार्य लाई निरन्तरता दिइनेछ ।

१०. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै निर्वाह मुखी कृषि प्रणालिलाई व्यवसायीकरण गर्न आवश्यक पहल गरिनेछ ।

११. गाउँपालिका भित्रका उत्कृष्ट तथा व्यवसायीक कृषकहरुलाई कृषि शाखाबाट आवश्यक प्राविधिक सल्लाह दिनु का साथै प्रोत्साहन समेत उपलब्ध गराईनेछ ।

१२. कृषि योग्य भुमिमा सिँचाई सुविधा पुर्याउन साना तथा मझौला खालका सिँचाई आयोजनाहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१३. महिला स्वास्थ्य स्वयम सेवीका, स्वास्थ्य कर्मी तथा कृषि शाखामा कार्यरत कर्मचारीहरुको संयुक्त पहलमा एक घर एक करेशाबारी कार्यक्रम लागु गरी मौसम अनुसारका तरकारी उत्पादन तथा पोषण अभिवृद्धिका लागि विशेष पहल गरिनेछ ।

१४. कृषकहरुको आयआर्जन बृद्धिका लागि उन्नत जातको विउँ विजन तथा सिजनल फलफूलका विरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**पशुपँक्षी बिकाश कार्यनीति:**

१. गाउँपालिका भित्र रहेका पशुपंक्षीहरुको स्वास्थ्य उपचारका लागि नि:शुल्क औसधी बितरणको दायरा बढाईनेछ।

२. पशुपक्षी पालनमा हुने क्षती न्यूनीकरण गर्न पशुपक्षी बीमालाई प्रभाबकारी बनाउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी अनुदानका कार्यक्रमहरुमा पशुपंक्षी बीमा कार्यक्रम सञ्चालनका लागि पहल गरिनेछ ।

३. रेबिज रोग नियन्त्रणका लागि वडा स्तमा पशु स्वास्थ्य शिविर सञ्चालन गरी रेबिज लगायतका बिभिन्न घातक रोगहरु रोकथामका लागि भ्याक्सिनेसन कार्य अगाडी बढाईनेछ।

४. प्राणघातक रेबिज रोग न्यूनीकरणका लागि सामुदायिक कुकुरको जन्मदर घटाउने कार्यक्रम सञ्चालन गरिनेछ।

५. दुध तथा मासु उत्पादनमा आत्मनिर्भर हुन कृषकहरुका लागि व्यवसायीकरुपमा घाँस खेती प्रवर्द्धन स्वरुप लागत साझेदारीमा अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. पशुपालन पकेट क्षेत्र बिकासका लागि एक वडा एक उत्पादनको नीति अबलम्बन गरिनेछ।

७. गाउँपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य सेवा लाई थप प्रभावकारी रुपमा लागु गरिनेछ । निःशुल्क वितरण गरिने औषधि लगायतका अन्य पशु स्वास्थ्य परामर्श सेवाहरु लाई व्यवस्थित गर्दै प्रभावकारी बनाईनेछ ।

**पर्यटन तथा संस्कृति विकास कार्यनीति:**

पर्यटन विकासलाई स्थानीय आर्थिक विकासको मेरुदण्डको रुपमा लिईनेछ । गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रहरुको स्तरोन्नती, सहज पहुँचका लागि आवश्यक आधारभूत भौतिक संरचना निर्माण तथा प्रचार प्रसारमा जोड दिईनेछ।

१. पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक नीति निर्माण गरिनेछ।

२. **बित्थड पर्यटकीय पार्क**लाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरी थप सुबिधा सम्पन्न बनाइनेछ ।

३. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु बित्थड, भाटी गुफा, दहताल, खसिलडा, सिगासधुरा, रुमधुम, पट्टो लेक, धारछडी झरना, दिक्कोट लगाएत क्षेत्रहरुलाई व्यवस्थित गर्दै पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग निरन्तर पहल गरिनेछ ।

४. धार्मिक तथा सांस्कृतिक ईतिहास बोकेका स्थानीय कला र संस्कृतिको जगेर्ना, गरी विभिन्न स्थानमा सञ्चालन हुने धार्मिक जात्रा तथा मेला पर्वहरुलाई पर्यटकीय दृष्टीकोणबाट जोडिनेछ ।

५. बित्थड पर्यटकीय क्षेत्र प्रचार प्रसार तथा पर्यटन प्रवर्द्धनका लागि बिभिन्न किसिमका कार्यक्रमहरु आयोजना गरिनेछ।

**उद्यमशिलता विकास, रोजगार तथा स्वरोजगार कार्यनीति:**

१. राष्ट्रिय रोजगार कार्यक्रमबाट सञ्चालित आयोजनाहरुमा आगामी आ.व. २०८२।०८३ देखि आवश्यकता अनुसार साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी तुल्याइनेछ।
२. रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने रोजगार प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित बनाउदै बैदेशिक रोजगारी सम्बन्धी आवश्यक परामर्स गरिनेछ।
३. स्थानीय कच्चा पदार्थहरु जस्तै भाङ्गो, अल्लो लगायत विभिन्न वन पैदावारमा आधारित साना तथा घरेलु उद्योगहरुलाई विषेश प्राथमिकता दिईनेछ ।
४. बित्थडचिर गाउँपालिकाबाट बैदेशिक रोजगारीमा गई अलपत्र परेका व्यक्तिहरुको खोज तलास, उद्धार, क्षतिपुर्ति, शव ढुवानी, बिमा दावी, कानुनी परामर्स तथा सहायता सम्बन्धी कार्य पालिकास्तरबाटै गरिनेछ।
५. रोजगार सेवा केन्द्रबाट सञ्चालनमा रहेको राष्ट्रिय रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन EMIS मा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई यस पालिकाबाट सञ्चान हुने विभिन्न योजना तथा कार्यक्रममा प्राथमिकीकरणका आधारमा रोजगारी प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
६. वैदेशिक रोजगारीमा जान चाहने ब्यक्तिहरुका लागि पुर्व श्रम स्वीकृती तथा पुन: श्रम स्वीकृतीका लागि गाउँपालिका बाट गरिने सहजीकरणलाइ निरन्तरता दिईनेछ ।
**७.** विगतमा तालिम लिएका नागरिकहरुको लगत राखी तालिम प्राप्तहरुलाई उद्यमतिर प्रोत्साहित गर्न आवश्यक नीति अवलम्वन गरिनेछ ।
**८.** राष्ट्रिय रोजगार कार्यक्रमलाई तालुक मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका तथा कार्यविधि बमोजिम परिणाममुखी तथा दिगो भौतिक संरचना निर्माण तर्फ केन्द्रित गरिनेछ । उक्त कार्यक्रमका लागि आवश्यकताको आधारमा सामग्री खरिद तथा दक्ष जनशक्ति परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
**९.** गाउँपालिकाबाट विनियोजित रकमबाट सञ्चालन हुने भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा सेवा क्षेत्रका सुचिकृत बेरोजगार व्यक्तिहरुलाई विपन्नताका आधारमा काममा प्राथमिकता दिईनेछ ।
**१०.**स्वरोजगार तर्फ उन्मुख घरेलु तथा लघु उद्यमिहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
**११.**उद्यमीहरुलाई आवश्यक प्रविधि हस्तान्तरण कार्यलाई निरन्तरता दिईनेछ ।

**सहकारी विकाश तथा गरिबी निवारण कार्यनीति:**

१. सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) मा आबद्ध नभएका सहकारी संस्थालाई उक्त प्रणालीमा आबद्ध गराउन पहल गरिनेछ । सहकारी संस्थाहरुको नियमन गर्न आवश्यक थप कानूनी व्यवस्था गरिनेछ ।
२. सहकारी संस्थाहरुको संस्थागत शुसासन प्रवर्द्धन गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि नियमित अनुगमन तथा नियमन कार्यलाई प्रभावाकारि तुल्याइनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र रहेका कृषि सहकारी लगायतका अन्य सहकारीहरु लाई व्यवस्थित गर्दै गाउँपालिकामा अनिवार्य दर्ता गर्ने तथा नियमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. नयाँ सहकारी दर्ता गर्नु भन्दा कार्य प्रकृतिका आधारमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
५. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

## (२) समाजिक बिकास नीति :

शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा गाउँपालिकाबासीको सर्वशुलभ पहुँच स्थापित गर्न सर्वपक्षीय समन्वय, सहकार्य र सहयोग मार्फत कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई लोक हितकारी गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

**शिक्षा, युवा तथा खेलकुद बिकाश कार्यनीति:**

**" गुणस्तरीय र प्रविधियुक्त शिक्षाः बित्थडचिर गाउँपालिकाको अपेक्षा "** भन्ने सोच सहित

१. सबैका लागि अनिवार्य तथा निःशुल्क अधारभुत शिक्षा सुनिश्चित गर्न विद्यालय शिक्षामा पहुंच, सहभागिता, संस्थागत क्षमता विकास र गुणस्तर सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछन ।

२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **"सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** सञ्चालन गरिनेछ । यसका लागि विभिन्न दाताहरुको सहयोग र सहकार्यका लागि समेत पहल गरिनेछ।

३. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पुर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

४. विद्यालयको वातावरण बालमैत्री, अपांगमैत्री र सिकाइ अनुकुल बनाउन आवश्यक पहल गरिनेछ ।

५. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी कार्यान्वियनका लागि स्वास्थ्यकर्मी तथा फोकल शिक्षकहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम निरन्तरता दिईनेछ।

६. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा प्रभावकारी रुपमा लागु गरी प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधार र बालविकास सहजकर्ता एवम  शिक्षकहरुको क्षमता विकासका लागि पालिका स्तरमा विज्ञ समूहको परिचालन, क्लस्टर निर्माण तथा परिचालन गरी पेशागत सहयोग कार्यक्रम एवम शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम लागू गरिनेछ ।

७. विद्यालयको शैक्षिक नेतृत्वलाई बलियो बनाउन प्रतिस्पर्धा एवम् योग्यताको आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ । हरेक वर्ष प्रधानाध्यापको कार्यसम्पादन करार सम्झौता प्रणालीलाई निरन्तरता दिईनेछ ।

८. मागमा आधारित छोटो अवधिका शिक्षक कस्टमाइज्ड तालिम तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनःवितरण गरी शिक्षक दरबन्दी मिलान कार्यलाई अगाडि बढाइनेछ ।

१०. विद्यालयलाई आधुनिक सूचना प्रविधिसित जोड्न पालिकाले प्रविधिमैत्री सिकाइ कार्यक्रम सञ्चालन गर्नेछ साथै सबै विद्यालयमा आइसिटि ल्याव र पुस्तकालय स्थापना कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

११.विभिन्न विपद् जन्य घटनाबाट विद्यार्थीको सिकाइ स्तरमा परेको क्षति आपुरणका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनालाई प्रभावकारी कार्यान्वयनमा लगिनेछ ।

१२. मासिक चक्रमा प्रवेश गरेका छात्राहरुको पढाइमा निरन्तरता दिन तथा स्वास्थ्य सरसफाइका लागि मासिक रुपमा स्यानेटरी प्याडको वितरण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

१३.विद्यालयमा सबै बालबालिकाको पहुँच सुनिश्चितताको लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ। कक्षा ६ देखि १२सम्म अध्ययनरत विपन्न वर्गका बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति कार्यक्रममा समावेश गरी आधारभूत र माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच वृद्धि गरिनेछ ।

१४. बालबालिकाको सिकाइका लागि अभिभावक सशक्तीकरण तथा प्रोत्साहन कार्यक्रम लागू गरिनेछ ।

१५. विद्यालय शिक्षामा उत्कृष्ट कार्यसम्पादन देखाउन सफल विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरुलाई शिक्षा दिवसको अवसरमा विशेष सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय उत्पादन प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

१७.विद्यालय क्षेत्रलाई शान्तिपूर्ण र हरित विद्यालयका रुपमा विकास गर्नका लागि विद्यालय परिसरमा वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ ।

१८.खेलकुदलाई गाउँपालिकाको अभिन्न अंगको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । खेलाडीहरुको प्रतिभा प्रस्फुटनका लागि विभिन्न स्तरमा आयोजना हुने विभिन्न विधाका खेलकुदहरूमा सहभागी गराउने व्यवस्था गरिनेछ ।

## जनस्वास्थ्य विकाश कार्यनीति:

**"गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह, स्वस्थ जीवनको आधार, प्रतिबद्ध स्थानीय सरकार" भन्ने नाराका साथ**

१. स्वास्थ्य सेवालाई गुणस्तर, प्रभावकारी, सर्वसुलभ, सबैको पहुँचयोग्य बनाउन पालिकाको स्वास्थ्य नीति २०८२ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।

२. देउलेक प्राथमिक स्वास्थ्य केन्द्रका लागि आवस्यक भिडियो एक्स रे मेसिन लगायतका उपकरणहरुको उचित व्यवस्थापन गरिनेछ। साथै एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन एम्बुलेन्स खरिदका लागी आवस्यक पहल गरिनेछ।

३. आर्थिक रुपमा अति विपन्न, असहाय, टुहुरा बालबालिका तथा गर्भवती महिलाहरुको स्वास्थ्य जाँच र उपचारका लागि निजहरुलाई आपतकालिन अवस्थामा स्वास्थ्य संस्था सम्म ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

४. गाउँपालिका क्षेत्रलाई शत प्रतिशत संस्थागत सुत्केरी भएको सुनिश्चित गरिनेछ । पुर्व प्रसूति (ANC) र उत्तर प्रसुती (PNC) जाँच कार्यक्रमलाई बढावा दिई बर्थिङ सेन्टर विस्तार गर्दै लगिनेछ ।

५. मेरो स्वास्थ्य मेरो जिम्मेवारीको अवधारणा अनुरुप नागरिकहरुलाई स्वस्थ जीवनशैली तर्फ अभिप्रेरित गर्न नागरिकको जीवन पद्धतिको रुपमा योगअभ्यास,ध्यान तथा आयुर्वेदिक उपचार सेवा प्रवर्द्धन गरिनेछ ।

६. स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. मातृ तथा नवशिशु मृत्यूदरलाई कम गर्न नियमित गर्भजाँच, संस्थागत सुत्केरी प्रवर्द्धन, प्रत्येक स्वास्थ्य संस्थामा दक्ष तालिम प्राप्त प्रशुतिकर्मीको व्यवस्थापन, दुर्गम बस्ती टोलहरुमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत नियमित गर्भजाच, घरमै गएर सुत्केरी आमा र नवशिशुको स्वास्थ्य परीक्षण गरी गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूति सहित पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका अभियानलाई निरन्तरता दिइनेछ ।

८. नियमित खोप, छुट बच्चाको खोजी गरी खोप लगाउने कार्य तथा पूर्ण खोप सुनिश्चितता, निरन्तरता तथा दिगोपना कार्यक्रमलाई पनि निरन्तरता दिइनेछ।

९. जेष्ठनागरिकहरु लाई  उच्च रक्तचाप, मधुमेह, दम जस्ता दीर्घ रोगहरुको निःशुल्क जाँच, र उपचार तथा परामर्सका लागि घरदैलो सेवालाई निरन्तरता दिइनेछ ।

१०.सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि रोग र रुग्णताको पहिचान गर्नका लागि एकीकृत प्रजनन् स्वास्थ्य शिविर संचालन गर्नुका साथै उपचारका लागि प्रेषण सेवाको व्यवस्था मिलाईने छ |

११.गाउँटोलहरुमा रहेका कुपोषित बालबालिकाहरुको खोजी गरी कुपोषित भेटिएका बालबालिकाहरुलाई पोषक तत्वयुक्त खानेकुरा वितरण, उपचार तथा निगरानी कार्यलाई निरन्तरता दिइनेछ।

१२. देउलेख प्राथमिक स्वास्थ्य केन्द्रको ल्याव सेवा लाई व्यवस्थित र विश्वसनीय बनाउनका लागि आवश्यक उपकरणहरुको व्यवस्थापनलाई विशेष जोड दिईनेछ। प्राथमिक स्वास्थ्य केन्द्रमा बाट प्रवाह हुने आयुर्वेद सेवा लाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ।

१३.सरकारको नीति बमोजिम सरकारी स्वास्थ्य संस्था बाट पाउनु पर्ने निःशुल्क सेवाहरु तथा औषधीहरुको उचित व्यवस्थापन सहित निरन्तरता दिईनेछ।

१४.सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको वार्षिक दुई पटक स्वास्थ्य परिक्षण जाँच, जुकाको औषधी, किशोरीहरुका लागि आइरन चक्की वितरण र स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

१५.गाउँपालिका क्षेत्र भित्रका वर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्दै आवश्यक सामग्री र औषधी समेतको प्रभावकारी व्यवस्थापन साथै कार्यरत जनशक्तिलाई तालिममा निरन्तरता दिइनेछ।

१६.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याइनेछ।

१७. स्वास्थ्य संस्थाहरुको सेवा सुद्धिढीकरण गर्न न्यूनतम सेवा मापदण्डको सुचक अनुशारको प्राप्त सुचना तथा प्रगतिको आधारमा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड लागू तथा कार्यान्वयन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८.गाउँपालिका भित्र सुनौला १००० दिनका गर्भवती तथा सुत्केरी आमाहरु र बालबालिकाहरुको पोषणको अवस्था सुधारका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।

१९.समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुले प्रवाह गर्नु भएको सेवाको उच्च सम्मान गर्दै उहाँहरु लाई उचित प्रोत्साहन तथा आवश्यक तालिमलाई समेत निरन्तरता दिइनेछ ।

२०.स्थापना भएका स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुको स्तरोन्नति तथा थप भौतिक संरचनाहरु निर्माण गर्न आवश्यक व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

२१.ग्रामिण क्षेत्रमा निःशुल्क गर्भवती चेकजाँच (अल्ट्रा साउण्ड) सेवालाई निरन्तरता दिईनेछ।

२२.प्रत्येक वडामा आपतकालिन उद्धार समूह गठन गरी उनीहरुलाई प्राथमिक उपचार तालिम प्रदान गरिनेछ।

**सामाजिक सुरक्षा कार्यनीति:**

१. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्दै आम जनमानसको पहुच सुनिश्चितता गरिनेछ।

२. व्यक्तिगत घटना दर्तालाई व्यवस्थित तुल्याउन पंजिकरण सप्ताहलाई थप व्यवस्थित गर्दै निरन्तरता दिईनेछ।

३. सामाजिक सुरक्षा भत्ता नवीकरण प्रणालीलाई थप सुधार गर्नका लागि आवश्यक उपकरणहरुको व्यवस्थापन गरिनेछ।

**महिला,बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक क्षेत्र सम्बन्धीत कार्य नीति:**

१. महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८, तथा विस्तृत कार्ययोजना २०८२ र लैंगिक उत्तरदायी तथा महिला मैत्री बजेटलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

२. लैंगिक तथा महिला हिंसा, बालबिवाह, छाउपडीप्रथा जस्ता सामाजिक तथा हानिकारक कुरीतिहरु प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी सबै वडा, बस्ती र गाँउ तहमा सामाजिक अभियानका साथै महिलाको लागि आर्थिक, सामाजिक सशक्तीकरण कार्यक्रम संचालन गरिने छ।

३. लैंगिक तथा महिला हिंसाबाट प्रभावितलाई उपचार, मनोसामाजिक परामर्श, खाना, बस्न, न्याय प्रकियामा सहयोग गर्न महिला सुरक्षित आवासगृह सँग तथा एकद्वार संकट व्यवस्थापन केन्द्र सँग समन्वय गरिनेछ।

४. लैंगिक तथा महिला हिंसा अन्त्य गर्न ९ वटै वडाहरुमा सामुदायिक मनोसामाजिक कार्यकर्ताहरु निरन्तर परिचालन गरी हिंसा प्रभावितको प्रतिकार्यका लागि प्रभावितको पहिचान, प्राथमिक मनोसामाजिक सहायता, आवश्यक अन्य सेवाहरुका लागि प्रेषण गरी हिंसा प्रभावित महिलालाई सहयोग पुराइनेछ र लैंगिक तथा महिला हिंसा रोकथाम गर्न कार्यक्रम संचालन गरिनेछ ।

५. महिला हिंसा पीडितका लागि न्याय उपचार र राहत सहयोग गर्नका लागि महिला हिंसा निवारण कोष संचालन र परिचालन गरिनेछ ।

६. महिला, किशोरी र बालबालिकामा हुने कूषोपणको अवस्थामा सुधार ल्याउने बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाइ प्राथमिकतामा राखिनेछ ।

७. महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास र उपयुक्त तालिम प्रदान गरिने छ।

८. बालबिवाह अन्त्यका लागि रणनैतिक कार्ययोजना २०८० तयार गरी कार्यान्वयन गर्दै यस गाउँपालिकालाई बालविवाह अन्त्य गर्न बालविवाह मुक्त टोल तथा वडा घोषणा गरिनेछ ।

९. बालिका तथा किशोरीको क्षमता विकास सशक्तीकरण र जीवनउपयोगी सीपका लागि किशोरकिशोरी वित्तीयसीप रुपान्तरण कक्षा संचालन गरिने छ ।

१०. बालमैत्री स्थानीय तहको अवधारणालाई अवलम्बन गर्दै क्रमश सवै वडाहरुलाइ बालमैत्री घोषणा गरिनेछ।

११. जेष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जीवनका लागि परिचय पत्र वितरण अभियान तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

१२. ज्येष्ठ नागरिकको उच्चतम सम्मान गर्दै अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन गरीनेछ ।

१३. फरक क्षमता भएका व्यक्तिहरुको मर्यादित जीवनका लागि अपाङ्गता भएका व्यक्तिको पहिचान गरी परिचय पत्र वितरण तथा सरकारी कार्यालयहरुका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाइने छ ।

१४. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । लैंगिक हिंसा विरुद्ध शून्य सहनसिलताको नीति अवलम्बन गरिनेछ ।

१५. " उपाध्यक्ष महिला उत्थान कार्यक्रम" अन्तर्गत लैंगिक हिंसा तथा बालविवाह, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरी सबै वडा, बस्ती र गाउँ तहमा रुपान्तरण कार्यक्रमका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम संचालन गरिने छ ।

१६. कार्यविधि बमोजिम सामाजिक सुरक्षाको रुपमा दिईने एकल पुरुष भत्ता वितरणलाई निरन्तरता दिईनेछ ।

## (३)भौतिक पूर्वाधार विकास नीति

**भौतिक पूर्वाधार विकास कार्यनीति:**

१. घर नक्सा पास कार्यबिधी तयार गरी सुरक्षित आवास निर्माणको नीति अवलम्वन गरिनेछ।
२. पालिका बासीलाई सुरक्षित खानेपानीको सुनिश्चितताका लागि एक घर एक धारा नीतिलाई निरन्तरता दिदै आ.व. २०८२।०८३ भित्र सबै घरमा स्वच्छ खानेपानीको बिस्तार गरिनेछ । सरसफाई प्रवर्धनका लागि आवश्यक नीति तय गरिनेछ ।
३. सुनकुडा धारी – बाग्थला धारी सडकलाई निरन्तरता दिदै सुनकुडा धारी बाग्थला सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ।
४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरिनेछ। यस कार्यका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
५. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको दिगोपना र पारदर्शिताका लागि वडा स्तरमा उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
६. पर्याप्त क्षेत्रफल सहितको पालिका स्तरीय खेलकुद मैदान निर्माण गरिनेछ।
७. गाउँपालिकाको केन्द्र देउलेख (बित्थडचिर ४, ५ ) को खानेपानी समस्यालाई निराकरणका लागि उचित व्यवस्थापन गरिनेछ।
८. गाउँपालिका भित्र सञ्चालन हुने पूर्वाधारका योजनाको गुणस्तर कायम गराउन गुणस्तर परिक्षण इकाइको व्यवस्थापनमा जोड दिईनेछ।
९. भौगोलिक दुर्गमता भएका क्षेत्रलाई निरन्तर रुपमा सडक सञ्जालमा समेटने नीति अबलम्बन गरिनेछ।
१०.बाढी पहिरोको प्रकोप र जोखिमयुक्त क्षेत्रको सडक मर्मत र सुदृढीकरणलाई निरन्तरता दिईनेछ ।
११.स्थानीय जनश्रमको उपयोग गरी साना पूर्वाधारका योजनाहरुलाई प्राथमिकता दिईनेछ।
१२.दलित, महिला लगायत समुदायको आवश्यकतामा आधारित पूर्वाधार योजना तयार गरिनेछ ।
१३.नागरीकको सुरक्षित आवासको हकलाई सुनिश्चित गर्न खरका छाना मुनी बसोवास गर्ने न्यून आर्थिक अवस्था भएका नागरिकहरुलाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत जस्ताको छाना निर्माण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।
१४.गाउँपालिका भित्र रहेका विद्यालयहरुमा उचित खानेपानीको पहुचलाई सर्वसुलभ ढँगले व्यवस्थापन गर्ने कार्यलाई प्रथमिकता दिइनेछ ।
१५.ग्रामिण तथा कृषि सडकहरुलाई व्यवस्थित रुपमा बाह्रै महिना सञ्चालनका लागि सडकहरुको स्तरोन्नतीलाई विषेश प्राथमिकता दिईनेछ ।
१६.गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सुरक्षित खानेपानी, सार्वजनिक शौचालय निर्माण, फोहोरमैला व्यवस्थापन तथा स्ट्रिट लाईट जडान जस्ता सहरी विकासका कार्य सञ्चालन गर्न पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन तथा विसर्जनका लागि आवश्यक पर्ने डम्पिङ साईटको पहिचाहन गरिनेछ ।
१७.गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।
१८.ठूला भौतिक पूर्वाधारका योजना निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ । गाउँपालिका भित्रका गौरवका आयोजना निर्धारण गरी कार्यान्वयनका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।

१९.भवन निर्माण कार्यलाई सुरक्षित र व्यवस्थित गर्न नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक स्थानीय भूमिव्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई अबलम्बन गरिनेछ ।

२०.वैकल्पिक उर्जाको विकास, आधुनिक घट्टहरु, साना तथा लघु जलविद्युत आयोजनाहरुको विकास कार्यलाई निरन्तरता दिईनेछ।

२१.पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा संघीय सरकार, प्रदेश सरकार तथा निजि क्षेत्रसँगको साँझेदारीका लागि विभिन्न आयोजना तयार गरी निरन्तर कार्यान्वयन गरिनेछ ।

**भूमि व्यवस्थापन कार्य नीति**

१. गाउँपालिकामा भूमि सेवा शाखाको स्थापना गरी भूमि सम्बन्धी कार्यहरु अगाडी बढाईनेछ ।

२. पालिका भित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीको लगत संकलन कार्य अगाडी बढाई भूमि समस्या समाधान आयोगसँगको सहकार्यमा सबै किसिमका भूमि सम्बन्धी समस्याहरु पहिचान गरी भूमिहिनहरुलाई जग्गा प्रदान गर्ने र अव्यवस्थित बसिबासीहरुलाई पुर्जा बितरणका लागि आवस्यक प्रबन्ध मिलाईनेछ।

## (४) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन नीति

**वन, वातावरण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन क्षेत्रः**

" नवीन सोच र सृजना, प्राकृतिक प्रणालीको पुनस्थापना " **भन्ने मूल नाराका साथ**

१. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) सञ्चालनमा ल्याई बिपद पूर्व तयारी एवम पूर्व सूचना प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याईनेछ।

२. कटानको जोखिम रहेका नदीहरुमा जैविक तथा जालिदार तटबन्ध तथा नदी किनारमा वृक्षारोपण गरी बाढीबाट हुने कटानलाई नियन्त्रण गरिनेछ।

३. विद्यमान वन क्षेत्रको क्षेत्रफल विस्तार तथा वनको घनत्व वृद्धि तथा संरक्षणका लागि सामाजिक चेतनामूलक कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

४. गाउँपालिका क्षेत्र भित्रका सामूदायिक वनहरु, सरकारी वनहरु तथा निजि वनहरुलाई संरक्षण गर्न योजना तय गरिनेछ।

५. विपद् प्रभावितहरुका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोष खाताबाट दिईने राहत रकम भुक्तानीका लागि विपद् प्रभावित आर्थिक सहायता कार्यविधि २०८० बमोजिम छिटो छरितो तरिकाले राहत वितरण लाई निरन्तरता दिईनेछ ।

६. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने ठूला तथा व्यावसायिक भवनहरुमा अनिवार्य रुपमा अग्निसमन यन्त्र (Fire Extinguisher) राख्नु पर्ने व्यवस्था मिलाइनेछ । विकास प्रकृयालाई बहुप्रकोप जोखिम संवेदनशीलताका आधारमा सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन तथा व्यवस्थापन गर्दै लगिनेछ ।

८. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने व्यवस्थाका लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

९. जलाधार तथा सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ ।

१०. विपद् प्रभावितहरुलाई राहत वितरण कार्यक्रम अन्तर्गत बाढी पहिरो प्रभावित, आगलागी र भूकम्प प्रभावित लगायत अन्य सवै किसिमका विपद् प्रभावित क्षेत्रका बासिन्दाहरुलाई वितरण गरिने राहत कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. प्लाष्टिक जन्य फोहोरमैला नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२. संशोधित विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ अनुसार पालिकामा महामारी, प्रकोप र आकस्मिक विपद्को पूर्व तयारि योजना, व्यवस्थापन तथा प्रतिकार्य योजना सहित अति आवश्यक सेवा, उद्धार संयन्त्र र पुनर्स्थापनाको व्यवस्था मिलाईनेछ साथै विपद प्रभावित गर्भवती, सुत्केरी महिला, किशोरी, अपांगता भएका, ज्येष्ठ नागरीकहरुको संरक्षण र न्यूनतम आवश्यक सेवाहरु प्रदान गरिनेछ।

१३. सडक किनारा र सार्वजनिक स्थानहरुमा हरियाली, सफा र सुन्दर राख्ने नीति तय गरिनेछ ।

१४. गाउँपालिका क्षेत्र भित्रका खुला स्थानहरु साथै जोखिमपूर्ण स्थानहरुको पहिचान तथा नक्साङ्कन गर्ने नीति अबलम्बन गरिनेछ।

१५. गाउँपालिका अन्तर्गत रहेका पालिका स्तरीय तथा वडा स्तरीय बिपद् व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुलाई विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता विकास गरिनेछ।

१६. विभिन्न किसिमका विपद् जन्य घटनाहरुलाई न्यूनीकरण गर्न तथा विपदबाट हुने क्षेति न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । विपद् उद्धार तथा राहात कार्यलाई व्यवस्थित गर्न विपद् व्यवस्थापन कोषको खातामा आवश्यक रकम जम्मा गरी सोही कोष खातबाट व्ययभार व्यहोर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१७. वन पैदवार संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ । वन पैदावार तथा वन्यजन्तुको चोरी निकासी नियन्त्रणका लागि सम्बन्धित निकायहरुसँग निरन्तर सहकार्य गरिनेछ ।

१८. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति अवलम्वन गरिनेछ।

१९. जयवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न आवश्यक जनचेतना मुलक तथा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## (५) संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन नीति

**<u>सुशासन तथा शान्ति सुरक्षा कार्यनीति:</u>**

१. गाउँपालिकामा स्वीकृत दरबन्दी अनुरुप कर्मचारी भर्नाका लागि लोकसेवा आयोगमा माग गरी कर्मचारी अभावको समस्या समाधान गरिनेछ । कर्मचारीहरुलाई बदलिदो प्रविधि तथा परिवेश अनुरुप सेवा प्रभावका लागि आवश्यक तालिमको व्यवस्था लाई निरन्तरता दिइनेछ ।

२. जिल्ला स्थित विभिन्न कार्यालयबाट प्रवाह हुने सेवाहरु जस्तैःनागरिकता, राष्ट्रिय परिचय पत्र गाउँपालिका बाटै दिने व्यवस्थाका लागि सम्बन्धित कार्यालयहरुसँगको सहकार्यमा शिविरको आयोजना गर्न निरन्तर पहल गरिनेछ ।

३. नागरिकहरुका जन गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको प्रभावकारी रुपले सम्बोधन गर्ने अनलाईन तथा भौतिक गुनासो व्यस्थापन प्रणालीलाई मजबुत बनाइनेछ।

४. आधारभुत बस्तु तथा सेवाको सहज आपुर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य निरन्तरता दिइनेछ।

६. खरिद कार्यलाई विद्युतीय बोल कबोल E-Bidding मार्फत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. आगामी २ बर्ष भित्र सबै वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह गर्ने नीति अवलम्बन गरी वडा कार्यालयहरुको केन्द्रमा जग्गा प्राप्ति गर्ने तथा भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८. प्रत्येक ३।३ महिनामा सूचनाको हक बमोजिम नियमित प्रकाशन गर्नु पर्ने विवरणहरु गाउँपालिकाले गाउँपालिकाको सूचना पटी र वेवसाइट मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ।

९. कर्मचारीहरुलाई बदलिदो प्रविधि तथा परिवेश अनुरुप सेवा प्रभावका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

१०. जनप्रतिनिधिहरुका लागि क्षमता विकास योजनाले उल्लेख गरेका क्षेत्रहरुमा आवश्यक तालिमको व्यवस्था गरिनेछ। विभिन्न किसिमका गोष्ठीहरु तथा अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था गरिनेछ।

११. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुमा सुझाव तथा गुनासो पेटिकाहरुद्वारा संकलित गुनासोहरुको सुनुवाइलाई थप व्यवस्थित गरिनेछ।

१२. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुलाई सफ्टवेयरमा आधारित बनाई विद्युतीय प्रणाली मा जोड्ने व्यस्थालाई निरन्तरता दिईनेछ।

१३. गाउँपालिकाका काम कारबाहीलाई थप पारदर्शी बनाउनका लागि आगामि आ.व. देखि चौमासिक रुपमा सार्वजनिक सुनुवाइ गर्ने र वडा स्तरमा कार्यान्वयन हुने योजनाहरुको सार्वजनिक जन सुनुवाइलाई पनि कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

१४. सार्वजनिक खरिद कार्यलाई थप प्रभावकारी तथा चुस्त बनाउन खरिद योजना तथा खरिद समित मार्फत सम्पूर्ण खरिद कार्य सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम मात्र गरिनेछ।

१५. गाउँपालिकाको सुरक्षा व्यवस्थालाई चुस्त र दुरुस्त बनाउन सुरक्षा निकायलाई आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ।

१६. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालीन खर्चसंरचना (MTEF) पद्धति निरन्तर प्रयोगमा ल्याइनेछ।

१७. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी स्थानीय सरकारले आफ्नो श्रोत र साधनले गर्न नसकेका विभिन्न भौतिक, सामाजिक, आर्थिक विकासका क्षेत्रमा कार्य गर्नका लागि आवश्यक साँझेदारी सहित निरन्तर पहल गरिनेछ।

१८. सवै वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरुको कार्यसम्पादनलाई प्रभावकारी तथा प्रविधि मैत्री बनाउन सुलभ ईन्टरनेट सेवाको पहुँच पुर्याईनेछ।

१९. गाउँपालिका क्षेत्र भित्र फोनको नेटवर्क नआउने ठाँउमा नेपाल टेलिकमको टावरहरु स्थापना गर्न तथा देउलेख स्थित टावरलाई स्तरोन्नती गर्न नेपाल टेलिकमसँग आवश्यक निरन्तर समन्वय गरिनेछ।

२०.गाउँपालिका भित्र सञ्चालन हुने निर्माण कार्यमा कामदारहरु प्रयोग गर्ने तर समयमा ज्याला नदिने समस्यालाई समाधान गर्न निर्माण व्यवसायीले अनिवार्य रुपमा कामदारसँग दैनिक रुपमा दिने ज्याला, चोटपटक लाग्दा उपचार तथा बिमा सुविधा समेत खुलाई सम्झौता गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**सूचना तथा सँचार प्रविधि कार्यनीति:**

१. गाउँपालिका मातहतका सबै निकाय र बजार क्षेत्रलाई इन्टरनेटको सस्तो, सहज र भरपर्दो सुबिधाका लागि पहुच सुनिश्चितता गर्दै Fiber Net विस्तारमा बिषेश जोड दिईनेछ।
२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइने छ।
३. बित्थडचिरको स्थानीय सरकारबाट सम्पादन हुने कार्यक्रमको सूचना तथा जानकारी जनता माझ प्रवाह गर्न सामाजिक सञ्जाल, वेभवसाइट र अन्य सञ्चारका माध्यमहरु मार्फत सहज ढंगले सूचना प्रवाह गर्ने व्यवस्था मिलाईने छ ।
४. आमसञ्चार जगतमा संलग्न व्यक्ति तथा संस्थाहरुको पेसागत एवम् क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत विभिन्न शाखा र वडा कार्यालयहरुद्वारा गरिने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन विभिन्न विद्युतीय सफ्टवेयरहरुको प्रयोगमा जोड दिइनेछ ।

**स्थानीय न्यायिक निरुपण कार्य नीति:**

१. मेलमिलापकेन्द्र सञ्चालन ऐन तथा कार्यविधी निर्माण गरी सोही बमोजिम सबै वडामा मेलमिलापकेन्द्र गठन गरी सञ्चालन गरिने छ ।
२. न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेका मुद्दाहरुको समयमै सुनुवाई गर्ने व्यवस्था गरिनेछ । विद्यमान कानूनी व्यवस्था तथा न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी जानकारी दिने गरी समुदायमा सञ्चालन गरिने कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।
३. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारि न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनको प्रबन्ध गरिनेछ।
४. न्यायिक कार्य सम्पादनलाई चुस्त दुरुस्त र व्यवस्थित गरिनेछ । न्यायिक समिति तथा न्यायिक समितिमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धीका लागि आवश्यक तालिमलाई निरन्तरता दिइनेछ ।

**राजस्व परिचालन कार्य नीति:**

१. भूमिकर, सम्पत्ति कर लगायतका कर तथा शुल्कहरु वडा कार्यालय बाटै संकलन गर्ने व्यवस्था गरिनेछ।
२. सबै प्रकारका राजस्वहरुलाई अनलाईन प्रणालीबाट संकलन गर्ने व्यवस्थालाई थप प्रभावकारी तुल्याईनेछ।
३. सम्पत्ति कर र भूमि करलाई बैज्ञानिक र समय सापेक्ष बनाउन अभिलेख अध्यावधिक गरी सम्पत्ति कर र भूमिकरको दरलाई पुनरावलोकन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याइनेछ ।
४. आधुनिक प्रविधिको उपयोग गरी राजश्व प्रशासनको दक्षता बढाई सहज र सरल रुपमा राजश्व भुक्तानी गर्ने प्रबन्ध मिलाइने छ । करको दरमा होईन करको दायरा बढाउँदै लैजाने नीति लिइनेछ ।

गाउँ सभा सदस्यहरु,

अन्तमा यो नीति तथा कार्यक्रम तर्जुमाको क्रमका सहयोग गर्नु हुने उपाध्यक्ष ज्यू , वडाध्यक्ष ज्यूहरु, सबै विषयगत शाखाका जिम्मेवार पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरु र सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, आफ्नो अमूल्य राय सुझाव दिनु हुने राजनीतिक दल, विभिन्न पेशासँग आवद्ध पेशा कर्मीहरु लगायत आम बित्थडचिर वासी नागरिकहरुलाई धन्यवाद दिँदै नीति कार्यक्रमको कार्यान्वयको लागि रचनात्मक सुझाव सहित सहयोगको अपेक्षा गरेको छु।

**धन्यवाद ।**

अध्यक्ष

अमर सिंह महर